नेपाल सरकार
**विज्ञापन बोर्ड**
बबरमहल, काठमाडौं

प.सं. :- ०८२/८३
च.नं. :- ५०७

मिति :- वि.सं. २०८३/०१/२५
ने.स. :- ११४६ बछलागा,६ शुक्रवार

विषयः २०८३ जेष्ठ महिनामा प्रकाशन गर्न लोककल्याणकारी विज्ञापन पठाइएको सम्बन्धमा ।

श्री सम्पादक/प्रकाशकज्यू,
प्रेस काउन्सिल नेपालको आ.व. २०७८/०७९ को वर्गीकरणमा परेका पत्रपत्रिकाहरु (सबै) ।

प्रस्तुत बिषयमा विज्ञापन (नियमन गर्ने) ऐन २०७६ को दफा ३२, विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६, छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी कार्यविधि, २०८२ को दफा ८(२) बमोजिम छापामाध्यमबाट लोककल्याणकारी विज्ञापन प्रकाशन गर्ने प्रयोजनको लागि प्रेस काउन्सिल नेपालको आ.व. २०७८/०७९ को वर्गीकरणमा परेका पत्रपत्रिकाले २०८३ साल जेष्ठ महिनामा प्रकाशन गर्नका लागि लोककल्याणकारी विज्ञापन संलग्न गरी पठाइएको छ। बोर्डबाट उपलब्ध गराइएको लोककल्याणकारी विज्ञापन प्रकाशन गर्दा छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी कार्यविधि, २०८२ र देहाय बमोजिम गर्नु/गराउनु हुन साथै आ.व. २०८२/०८३ मा विनियोजित बजेट अपुग भई थप बजेट माग गरिएकोले हाललाई विल नगर्ने शर्तमा प्रकाशन गर्न र बजेट थप भई आएमा मात्र लोककल्याणकारी विज्ञापन प्रकाशन वापतको रकम भुक्तानी हुने व्यहोरा निर्णयानुसार अनुरोध छ ।

**देहायः**

१. चालु आ.व. को चौथो त्रैमासिकमा लोककल्याणकारी विज्ञापन प्रकाशन बापतको भुक्तानी गर्न अपुग हुने रकम थप बजेट माग गरिएको र बजेट सुनिश्चितता नभएकोले भुक्तानी नहुने शर्तमा मात्र २०८३ जेष्ठ महिनाको लोककल्याणकारी विज्ञापन प्रकाशन गर्न ईच्छुक सञ्चारमाध्यमले प्रकाशन गर्न सक्ने तथा बजेट थप प्राप्त भएमा मात्र भुक्तानी गर्ने शर्तमा लोककल्याणकारी विज्ञापन प्रकाशनको लागि पठाउने र सम्बन्धित बोर्ड/हुलाक निर्देशनालय/जिल्ला हुलाक कार्यालयहरुले बजेट थप भई आएमा मात्र विल तथा कागजात संकलन गरि भुक्तानी गर्ने।

२. छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी कार्यविधि, २०८२ को दफा ११ बमोजिमको आकार र अङ्कमा विज्ञापन प्रकाशन गर्नु हुन।

३. पत्रसाथ उपलब्ध गराइएका विज्ञापनहरु २०८३ साल जेष्ठ महिनाको लागि भएकोले सोही महिनामा मात्र प्रकाशित गर्नु हुन।

४. लोककल्याणकारी विज्ञापन प्रकाशन गर्दा फरक फरक अंकमा नदोहोऱ्याई फरक फरक विज्ञापन प्रकाशन गर्नु हुन।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Dilli Ram Subedi
dkt.adm2029@gmail.com

(डिल्ली राम सुवेदी)
शाखा अधिकृत

बोधार्थः
श्री हुलाक निर्देशनालय (सबै)
श्री जिल्ला हुलाक कार्यालय (सबै)
(उल्लेखित व्यवस्था अनुरुप गर्नु/गराउनु हुन।)

इमेलः info@adboard.gov.np फोन नं: +९७७ ०१५९०९३४४ वेबसाइटः https://adboard.gov.np/

# धूम्रपान त्यागौं, स्वस्थ जीवनशैली अपनाऔं ।

- ❖ धूम्रपानले क्यान्सर, मुटु रोग र श्वासप्रश्वाससम्बन्धी समस्या निम्त्याउँछ,
- ❖ धूम्रपान स्वास्थ्यका लागि हानिकारक छ,

त्यसैले,

- ❖ सार्वजनिक स्थानमा धूम्रपान नगरौं,
- ❖ किशोर–किशोरीहरूलाई धूम्रपानबाट टाढा राखौं,
- ❖ धूम्रपानको लतबाट मुक्त हुन आवश्यक परामर्श र सहयोग लिऔं,
- ❖ धूम्रपान नगर्ने वातावरण सिर्जना गरौं,
- ❖ आफ्नो र परिवारको स्वास्थ्यको रक्षा गरौं,
- ❖ धूम्रपान त्याग्ने संकल्प गरौं,
- ❖ धूम्रपान विरुद्ध जनचेतना फैलाऔं र स्वस्थ समाज निर्माण गरौं।

**स्वस्थ जीवन, उन्नत भविष्यको आधार।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# गणतन्त्र दिवस मनाऔं, लोकतन्त्र सुदृढ बनाऔं ।

❖ जनताको बलिदानबाट प्राप्त गणतन्त्रको सम्मान गरौं,

❖ संविधानको पालना गरी नागरिक कर्तव्य पूरा गरौं,

❖ सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई प्रवर्द्धन गरौं,

❖ विभेदरहित समाज निर्माणमा सबैले योगदान दिऔं,

❖ राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकताको रक्षा गर्न एकजुट होऔं,

❖ विकास र समृद्धिको यात्रामा सक्रिय सहभागिता जनाऔं,

❖ लोकतान्त्रिक मूल्य–मान्यता र मानवअधिकारको संरक्षण गरौं।

गणतन्त्रको सुदृढीकरण, समुन्नत नेपालको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सगरमाथाको संरक्षण गरौं, प्राकृतिक सम्पदा जोगाऔं।

- नेपालमा रहेको विश्वकै सर्वोच्च शिखर सगरमाथाको गौरवमा गर्व गरौं,
- हिमाली क्षेत्रको वातावरणीय सन्तुलन कायम राखौं,
- फोहोर व्यवस्थापनमा सचेत भई सफा हिमाल अभियानमा सहभागी बनौं,
- जलवायु परिवर्तनका असर न्यूनीकरणमा योगदान गरौं,
- पर्वतारोहणलाई सुरक्षित, मर्यादित र दिगो बनाऔं,
- जैविक विविधता र हिमाली पारिस्थितिक प्रणालीको संरक्षण गरौं,
- सगरमाथा क्षेत्रलाई विश्वकै नमूना पर्यटकीय गन्तव्य बनाऔं।

हिमाल हाम्रो पहिचान र गौरवको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड

# जातीय भेदभाव अन्त्य गरौं, समानता र सम्मान बढाऔं ।

- ❖ जातीय भेदभाव तथा छुवाछुत मानवअधिकारको गम्भीर उल्लङ्घन हो—यसको अन्त्य गरौं,
- ❖ सबै नागरिकलाई समान अधिकार र अवसर सुनिश्चित गरौं,
- ❖ विभेदरहित समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गरौं,
- ❖ दलित तथा पछाडि परेका/पारिएका समुदायको सशक्तिकरणमा योगदान दिऔं,
- ❖ शिक्षा, चेतना र सहकार्यबाट सामाजिक सद्भाव बढाऔं,
- ❖ हरेक व्यक्ति बराबर छन् भन्ने मान्यता व्यवहारमा लागू गरौं,
- ❖ एकता, सहिष्णुता र आपसी सम्मानलाई प्रवर्द्धन गरौं।

**समानता र सामाजिक न्याय, राष्ट्रिय एकताको आधार।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# स्वस्थ वातावरण, स्वस्थ जीवनको आधार

- स्वच्छ र हरित वातावरण निर्माणमा सबैले योगदान दिऔं,
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं र पुनःप्रयोगलाई प्राथमिकता दिऔं,
- वृक्षारोपण गरौं र वन संरक्षणमा सक्रिय बनौं,
- प्रदूषण घटाउन सबै मिलेर सहकार्य गरौं,
- फोहोर व्यवस्थापन र सरसफाइमा ध्यान दिऔं,
- नवीकरणीय ऊर्जाको प्रयोग बढाऔं,
- जैविक विविधताको संरक्षण गरौं।

हरित पृथ्वी, सुरक्षित भविष्य ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सेवाग्राहीमैत्री सेवा, सुशासनको आधार

- सेवाग्राहीसँग नम्र, शिष्ट र सम्मानजनक व्यवहार गरौं,
- सेवा प्रक्रियालाई सरल, छिटो र पारदर्शी बनाऔं,
- अनावश्यक ढिलाइ र झन्झटबाट मुक्त सेवा प्रवाह गरौं,
- सूचनाको हक सुनिश्चित गरौं,
- भ्रष्टाचार र अनियमितता पूर्ण रूपमा निषेध गरौं,
- गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाऔं,
- प्रविधिमैत्री सेवा विस्तार गरौं,
- जवाफदेही र परिणाममुखी कार्यशैली विकास गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं

- सडक, पार्क, विद्यालय, अस्पताल जस्ता संरचनामा तोडफोड नगरौं,
- सार्वजनिक स्थलमा सरसफाइ गरौं र फोहोर नगरौं,
- विद्युत, पानी तथा अन्य स्रोतको बचत गरौं,
- सरकारी सामग्रीको दुरुपयोग र हिनामिना हुन नदिऔं,
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,

**सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको दायित्व हो ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं

- ❖ सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं,
- ❖ आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं,
- ❖ घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं,
- ❖ पर्व–उत्सवहरू मिलेर मनाऔं,
- ❖ अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- ❖ संवाद र सहकार्यबाट विवाद समाधान गरौं,
- ❖ शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं ।

विविधतामा एकता भन्ने भावना विकास गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सर्पको टोकाइबाट सुरक्षित हुन सावधानी अपनाऔं ।

- रातिहिंड्दा टर्च/बत्तीको प्रयोग गरौं,
- झाडी, घाँस र ढुंगामुनि हात हाल्दा सावधानी अपनाऔं,
- घर वरिपरि सफा राखौं र सर्प बस्ने ठाउँ हटाऔं,
- खेतबारी वा बगैंचामा काम गर्दा जुत्ता र लामा कपडा लगाऔं,
- प्रभावित अंग कम चल्ने गरी स्थिर राखौं,
- सर्पले टोकेमा झारफुकमा नलागी तुरुन्त नजिकको स्वास्थ्य संस्थामा जाऔं,
- अस्पतालमा सर्पदंश विरुद्धको उपचार उपलब्ध हुन्छ ।

**समयमै उपचार भएमा सर्पदंश निको हुन्छ, ढिलाइ भएमा ज्यान जाने जोखिम बढ्छ ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# बालबालिकाको खानपान र स्वास्थ्यमा ध्यान दिऔं।

- ❖ सन्तुलित र पौष्टिक आहार नियमित खुवाऔं,
- ❖ जंकफुड तथा अत्यधिक चिनी, नुन र तेलयुक्त खानेकुरा घटाऔं,
- ❖ नियमित खोप लगाऔं, स्वास्थ्य जाँच समयमै गराऔं,
- ❖ स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
- ❖ हातधुन र सरसफाइ गर्न सिकाऔं,
- ❖ पर्याप्त निद्रा र दैनिक खेलकुद/व्यायाममा प्रोत्साहन गरौं,
- ❖ मोबाइल/स्क्रिन समय सीमित गरौं,
- ❖ मानसिक स्वास्थ्य र सकारात्मक व्यवहारमा ध्यान दिऔं ।

स्वस्थ बालबालिका, उज्ज्वल भविष्यको आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बिल–बिजकको प्रयोग अनिवार्य गरौं।

- ❖ हरेक खरिदमा अनिवार्य रूपमा बिल/रसिद मागौं,
- ❖ कानुनी रूपमा मान्य बिल–बिजक जारी गरौं,
- ❖ बिल बिना कारोबार नगर्ने/नगराउने बानी बसालौं,
- ❖ कर प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाउन सहयोग गरौं,
- ❖ उपभोक्ता अधिकार संरक्षणका लागि बिल सुरक्षित राखौं,
- ❖ कर छलि र अनियमितता अन्त्य गर्न सचेत बनौं,
- ❖ डिजिटल बिलिङ प्रणालीको प्रयोग बढाऔं,
- ❖ जिम्मेवार नागरिक भई इमानदारीपूर्वक कारोबार गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# अवैध चोरी निकासी नियन्त्रण गरौं

- गैरकानुनी रूपमा सामान देश बाहिर लैजाने/ल्याउने कार्य रोकौं,
- शंकास्पद गतिविधि देखे सम्बन्धित निकायमा जानकारी गराऔं,
- वैधानिक प्रक्रियाबाट आयात–निर्यात गरौं,
- कर छलि र तस्करी विरुद्ध सचेत बनौं,
- सीमा क्षेत्र र बजारमा निगरानी बढाऔं,
- प्राकृतिक स्रोत, वन सम्पदा तथा राष्ट्रिय सम्पत्तिको संरक्षण गरौं,

आर्थिक सुशासन कायम गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# पानीको सदुपयोग र स्रोतको संरक्षण गरौं

❖ धारा खुला छोड्ने बानी त्यागौं,

❖ वर्षाको पानी संकलन र पुनःप्रयोग प्रणाली अपनाऔं,

❖ नदी, ताल, पोखरी तथा मुहानहरूमा फोहर नफालौं,

❖ घर तथा कृषि क्षेत्रमा पानी बचत गर्ने प्रविधि प्रयोग गरौं,

❖ प्लास्टिक तथा रासायनिक पदार्थले पानी प्रदूषण नगरौं,

❖ वृक्षारोपण गरी जलस्रोत संरक्षण गरौं,

❖ भावी पुस्ताका लागि पानी बचत गर्ने बानी बसालौं ।

**पानी जीवन हो—यसको संरक्षण हाम्रो कर्तव्य हो ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं।

- जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने कार्य नगरौं,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच आउने कार्य नगरौं,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुऱ्याउने कार्य नगरौं,
- जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने कार्य नगरौं,
- शान्ति सुरक्षामा खलल पुग्ने कार्य नगरौं,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने कार्य नगरौं,
- जनमानसमा भ्रम सिर्जना गर्ने कार्य नगरौं,

पोष्ट, शेयर, ट्याग, ह्यासट्याग गर्दा सतर्कता अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# वैदेशिक रोजगारीमा जाँदा ध्यान दिऔं ।

- वैदेशिक रोजगारीमा जाँदा सीप सिकेर जाऔं,
- वैदेशिक रोजगारीमा जाँदा अनुमती प्राप्त संस्थाबाट मात्र जाऔं,
- सामान्य चिनेको व्यक्तिले भनेको आधारमा अवैध मार्गवाट जाने कार्य नगरौं,
- अनुमती प्राप्त संस्था मार्फत जाँदा वेवसाइट मार्फत विज्ञापन भए नभएको तथा लट नम्वर हेरी अन्तरवार्ता लगाएतका छनौट प्रकृयाबाट मात्र जाऔं,
- वैदेशिक रोजगारीका लागि शुल्क बुझाउँदा वैङ्किङ प्रणालीको प्रयोग गरौं,
- वैदेशिक रोजगारीमा जाँदा अभिमुखीकरण तालिम लिने गरौं,
- भिजिट भिसामा विदेशमा गएर काम नगरौं,
- विदेशमा रहँदा मर्यादित, अनुशासित भई उक्त देशको कानून पालना गरौं,
- कार्यस्थलमा कार्य गर्दा पुर्ण रुपमा व्यवसायजन्य सुरक्षाका मापदण्डहरुको पालना गरौं,
- स्वदेशमा पैसा पठाउँदा बैङ्किङ माध्यमको प्रयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड